

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०२९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार ९ गते शनिबार ❑ 24 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## 'ड्रागन बोट रेस फेस्टिभल' नेपाल-चीन सम्बन्धमा नयाँ सुत्रपात : पर्यटनमन्त्री किराती

पोखरापत्र संवाददाता
पोखरा, ८ असार



संस्कृति पर्यटन तथा नागरिक उड्डयमन्त्री सुदन किराँतीले नेपाल र चीनबीचको सम्बन्ध ऐतिहासिक रहेको बताउनुभएको छ। फेस्टिभलले दुई देशबीचको सम्बन्धमा थप इट्टा थपेको उहाँले बताउनुभयो।

नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दुतावास र पोखरा महानगरको आयोजनामा पोखरामा आजदेखि सुरु भएको नेपाल–चीन फ्रेण्डसीप 'ड्रागन बोट रेस फेस्टिभल'को उद्घाटन गर्दै उहाँले दशकौँदेखिको सम्बन्ध हालसम्म सुमधुर रहँदै आएको बताउनुभयो । पर्यटकीय नगरी पोखरामा आयोजित मैत्रीपूर्ण यस महोत्सवले दुई देशबीचको सांस्कृतिक र जनस्तरको सम्बन्धलाई समेत थप प्रगाढ बनाउने उहाँले विश्वास व्यक्त गर्नुभयो। उहाँले चीनसँग सम्बन्ध बलियो बनाउन फेस्टिभलले नयाँ सुत्रपात निर्माण गरेको भन्दै चिनियाँ नागरिकलाई नेपाल घुम्न आउन आग्रह गर्नुभयो । "आदरणीय चिनियाँ नागरिकलाई म नेपाल घुम्न आउन निम्तो गर्न चाहन्छु, नेपालमा तपाईहरूलाई स्वागत र सम्मान गर्न हामी आतुर छौँ", मन्त्री किरातीले भन्नुभयो, "तपाईंहरू नेपाल घुम्न आइदिनुहोस् ।" मन्त्री किरातीले नेपाल एक चीन नीतिप्रति प्रतिवद्ध रहेको समेत स्पष्ट पार्नुभयो। इतिहासमा चीन र भारतको व्यापारिक नाका रूपमा स्थापित पोखरामा भव्यरूपमा महोत्सवमा ड्रागन बोट फेस्टिभल सम्पन्न हुन लागेको उहाँको भनाइ छ । नेपालका लागि चिनियाँ राजदुत छन् सोङले नेपाल र चीनबीच लामो समयदेखि आर्थिक सामाजिक तथा सांस्कृति सम्बन्ध रहेको बताउँदै 'ड्रागन बोट रेस फेस्टिभल' दुईदेशबीचको आपसी सम्बन्ध एवं जनस्तरको सम्बन्ध अझै बलियो बन्ने विश्वास व्यक्त गर्नुभयो। पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले 'ड्रागन बोट रेस फेस्टिभल' पोखरामा हुनुलाई आफूहरूले महत्वपूर्ण रूपमा लिएको बताउँदै यसले आगामी दिनमा पोखरामा चिनियाँ पर्यटकको आगमन बढ्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा समेत महोत्सवलाई निरन्तरता दिने जानकारी गराउनुभयो । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनन्जय रेग्मीले फेस्टिभलले पोखरा मात्र नभई समग्र नेपालकै पर्यटनमा टेवा पुग्ने बताउनुभयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले नेपालमा पहिलोपटक आयोजना गरिएको यस प्रकारको कार्यक्रमले समग्रमा पर्यटनमा नयाँ आयाम थप्ने तथा पोखराको पर्यटनलाई थप चलायमान बनाउन सहयोग पुग्ने बताउनुभयो। दक्षिण एशियामा पहिलो पटक आयोजना गरिएको यो महोत्सवले नेपालको विश्वभर प्रवर्द्धन एवं यसबाट भविश्यमा अझै बढी चिनियाँ पाहुना ल्याउन सहयोग पुग्ने उहाँको भनाइ छ। नेपाल र छिमेकी मित्रराष्ट्र चीनबीचको सांस्कृतिक तथा जनस्तरसम्मको सम्बन्ध सुमधुर बनाउने र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आज र भोलि दुई दिन बोट रेस तथा फेस्टिभलको आयोजना गरिएको हो।

यसैगरी पहिलो दिनको खेलबाट ४ टोली फाइनल चरणमा प्रवेश गरेका छन् । नेपालका ४ र विदेशका ४ गरी ८ टिम बिच शुक्रबार भएको दुई चरणको प्रतिष्प्रर्धाबाट २ टोली नेपालका र २ टोली चाइनाको फाइनल चरणमा प्रवेश गरेका हुन्। सिचुवाङ ड्रागन समुह, युनान ड्रागन समुह र नेपालको नेपाल र्‍याफ्टीङ एण्ड क्यानोइङ एशोसियसन (एनआरसीए) र नेपाल एसोसियसन अफ र्‍याफ्टीङ एजेन्सिज (नारा) फाइनल चरणमा प्रबेश गरेको प्रतियोगिताका प्राविधिक प्रमुख मिन बहादुर मगरले बताउनु भयो। आज २ सय र ५ सय मिटरको दुई/दुई चरणको प्रतिष्प्रर्धा भए पनि दुबै तर्फको विधामा ४ टोली नै छनौट भएको उहाँले बताउनु भयो । २ सय मिटरमा सिचुवाङले १ मिनेट ४८ सेकेण्ड र ५ सय मिटरमा भने ४ मिनेट ३८ सेकेण्डमा उक्त दुरी पार गर्दै फाइनल चरणमा यात्रा बनाएको हो । त्यसै गरी नाराकोले २ सय मिटरको दुरी १ मिनेट ५३ सेकेण्डमा पार गरेको थियो भने ४ मिनेट ४७ सेकेण्डमा ५ सय मिटरको दुरी पार गर्दै फाइनल चरणमा यात्रा सुनिश्चित गरेको हो । यूनानको टोलीले २ सय मिटरको दुरी १ मिनेट ५५ सेकेण्डमा र ५ सय मिटरको दुरी भने ४ मिनेट ५३ सेकेण्डमा पार गर्दै फाइनल चरणा यात्रा पक्का गरेको हो।

एनआरसीएले २ सय मिटरको दुरी १ मिनेट ५६ सेकेण्डमा र ५ सय मिटरको दुरी ५ मिनेट २ सेकेण्डमा पुरा गरी फाइनल चरणमा प्रवेश गरेको हो । चाइना नेपाल फ्रेण्डसिप, पोखरा महानगरपालिका, सिंगापुरको जि.एस.ड्रागन समुह र फेवा डुंगा व्यवसायी संगठनको टिम पहिलो दिनको प्रतिष्प्रर्धाबाट बाहिरिएका हुन् । प्रतियोगितामा विजेता हुने टिमलाई जनही ५ लाख ५० हजार पुरस्कार प्रदान गरिने भएको पोखरा महानगरका पर्यटन बिकास समितिका उपाध्यक्ष रविन्द्रराज पौडेलले बताउनु भयो । उक्त प्रतियोगितामा पुरस्कारको लागि मात्र नगद ३० लाख खर्च हुनेछ । प्रतियोगितामा सहभागि सबै प्रतिष्प्रर्धी टिमलाई पुस्कारको व्यबस्था गरिएको उहाँले बताउनु भयो । 'ड्रागन बोट रेस' मा ड्रागनजस्तै देखिनेगरी बनाइएको डुङ्गा अगाडि बसेर एक जनाले ड्रम बजाउँछन् । सोही ड्रमको तालमा १० जनाले डुङ्गा खियाउँछन् र पुछारमा बस्ने एक जनाले डुङ्गाको दिशा मिलाउँछन्।

## गण्डकीमा नयाँ सवारी साधन खरिद नगरिने

पोखरापत्र संवाददाता
पोखरा, ८ असार

गण्डकी प्रदेशमा आगामी आर्थिक वर्षमा अत्यावश्यक सेवाका लागि बाहेक नयाँ सवारी साधन खरिद नगरिने भएको छ।

सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रदेश सरकारका पुँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै चालु खर्चलाई न्यूनीकरण गर्न खर्चको मापदण्ड प्रभावकारी रुपमा कार्यान्वयन गरिने उल्लेख छ।

वित्तीय सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न र विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहित गर्न बैंक तथा वित्तीय संस्थासँगको सहकार्यमा वित्तीय साक्षरता तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको अर्थमन्त्री जीतप्रकाश आलेले बताउनुभयो। वार्षिक बजेट तर्जुमा गर्दा बजेटलाई दिगो विकास केन्द्रित, समानुपातिक समावेशी र प्राथमिकता प्राप्त केन्द्रित गर्न लैङ्गिक उत्तरदायी, दिगो विकास लक्ष्य र जलवायु अनुकूलनसम्बन्धी बजेट कोड अवलम्बन गर्ने व्यवस्था मिलाइएको छ । हाल सञ्चालनमा रहेका प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना, क्रमागत र अधुरा आयोजनाको तोकिएको बाँकी काम आगामी आवमा सम्पन्न हुने गरी बजेट विनियोजनमा प्राथमिकता दिइएको उहाँले बताउनुभयो।

सार्वजनिक प्रकृतिका सामुदायिक संस्थाका भवन प्रदेश सरकारको स्रोतबाट निर्माण गर्दा अनिवार्यरुपमा उक्त संस्थाको नाममा जग्गाको स्वामित्व वा भोगाधिकार प्राप्त भएको हुनुपर्ने व्यवस्था मिलाइएको छ । प्रदेश र स्थानीय तहका कर्मचारीलाई योजना तथा बजेट तर्जुमा सम्बन्धमा वित्तीय अनुशासन, वित्तीय हस्तान्तरण, प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली, सार्वजनिक खरिद, आर्थिक अनुशासन तथा विकासलगायतका विषयमा क्षमता अभिवृद्धिसम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको मन्त्री आलेले बताउनुभयो।

प्रदेशको सन्तुलित विकासलाई प्रभावकारी बनाउन पूर्वाधार विकास कार्यक्रमका लागि रु ७२ करोड विनियोजन गरिएको र कार्यान्वयनका लागि आवश्यक कार्यविधि बनाई व्यवस्थित गरिने उहाँले बताउनुभयो।

## जनताका मुद्दा ओझेलमा परे : सभापति लामिछाने

रासस
काठमाडौं, ८ असार

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं संसदीय दलका नेता रवि लामिछानेले सरकार अल्मलिँदा जनताको मुद्दा ओझेलमा परेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आज बसेको बैठकमा विभिन्न मन्त्रालयअन्तर्गत विनियोजित बजेटमाथिको छलफलमा उहाँले सरकारले मुलुकको महत्त्वपूर्ण विषय ओझेलमा परेको बताउनुभयो।

उहाँले सरकार मुलुकको महत्त्वपूर्ण कुरामा केन्द्रित रहनेभन्दा पनि सरकार टिकाउनमा बढी अलमलिएको आरोप लगाउनुभयो । उहाँले नक्कली भुटानी शरणार्थी प्रकरणका लागि विशेष समितिको माग गर्नुभयो। सांसद लामिछानेले तरकारीको विषादी परीक्षण गर्न माग गर्नुभयो। बजेटमा संशोधन हुनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "सत्तारुढ दलका सांसदले नै बजेट ठीक छैन भन्नुभएको छ । तर सरकारमा सहभागी भएका आधारमा पास गर्नुपर्छ भन्ने संस्कार गलत छ, सच्याइयोस्।" उहाँले गृहमन्त्री नारायणकाजी श्रेष्ठको ध्यानआर्कषण गराउँदै बढ्दो कालोबजारी र खुल्ला सीमामा बढ्दो तस्करी नियन्त्रण गर्नुपर्ने माग गर्नुभयो।

नेपाल प्रहरीको स्वच्छिक अवकासका विषयमा सुझाव प्रस्तुत गर्दै उहाँले भन्नुभयो, "प्रहरी जवान र हवल्दारको स्वच्छिक अवकासलाई १६ वर्षे गरिनुपर्छ।

जुनीयर अधिकृतहरुको १८ वर्षे र सिनीयर अधिकृतको २० वर्षे गरिनुपर्छ । २० वर्षपछि मात्र पेन्सन पाउने व्यवस्था गरिनुपर्छ ।" उहाँले आर्थिक अवस्थाको वास्तविक मूल्याङ्कनबाट राजस्व प्रक्षेपण गरी संशोधन प्रस्ताव ल्याउन अनुरोध गर्नुभयो।

## जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सार्वजनिक

रासस
काठमाडौं, ८ असार

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को नतिजा सार्वजनिक भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार एक औपचारिक कार्यक्रमबीच सर्वेक्षणको नतिजा सार्वजनि गरेको हो।

सन् २०२२को नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडिएचएस) नतिजाले समग्र नेपालीको स्वास्थ्यमा सुधार भएको देखिएको छ। सर्वेक्षणको नतिजाले नेपालमा मातृ तथा नवजात शिशु स्वास्थ्य हेरचाह, पोषण, प्रजनन तथा बाल स्वास्थ्यमा प्रगति भएको देखाएको छ। नेपालमा सन् १९९६ पछि गरिएको यो छैठौं जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण हो। सर्वेक्षणअनुसार नेपाली महिलाले लिने मातृ स्वास्थ्य सेवा पछिल्ला वर्षमा बढ्दोक्रममा देखिएको छ । हाल ९४ प्रतिशत गर्भवती महिलाले दक्ष स्वास्थ्यकर्मीबाट गर्भवती सेवा पाइरहेको देखिएको छ । सर्वेक्षणअनुसार नेपालमा आधाभन्दा बढी ५७ प्रतिशत विवाहित महिलाले परिवार नियोजनको साधन वा विधि प्रयोग गर्छन्। जसमध्ये ४३ प्रतिशतले आधुनिक परिवार नियोजनको साधन वा विधि प्रयोग गर्छन् भने १५ प्रतिशतले परम्परागत विधि प्रयोग गर्ने गरेका छन्। महिला बन्ध्याकरण, डिपो र इम्प्लान्टजस्ता आधुनिक परिवार नियोजनका साधन वा विधि नेपालमा सबैभन्दा बढी प्रयोग भएको पाइएको छ। नेपालले कूल प्रजनन् दरलाई दुई दशमलव एकमा घटाउने दिगो विकास लक्ष्य २०३० लाई पूरा गरेको यो अध्ययनबाट देखिएको छ। विगत साढे दुई दशकमा नेपालमा प्रजनन दर आधाले घटेको देखिन्छ। सन् १९९६ मा एक जना महिलाले औसत पाँच बच्चा जन्माउने गरेकोमा सन् २०२२ मा औसत दुई दशमलव एक बच्चा मात्र जन्माउने गरेको देखिएको छ । त्यसैगरी, पाँच वर्ष मुनिको बाल मृत्युदर उल्लेखनीयरूपमा घटेको देखिन्छ । सन् १९९६ मा पाँच वर्ष मुनिका प्रति एक हजार जीवित जन्ममा एक सय ९८ को मृत्यु हुने गर्दथ्यो। सो मृत्युदर तुलनात्मकरूपमा घटेर हाल प्रति एक हजार जीवित जन्ममा ३३ को मृत्यु हुने गर्दछ । दीर्घकालीन कुपोषणको एउटा सङ्केत पुड्कोपन वा उमेरअनुसार उचाइ कम हुनु हो । यो सर्वेक्षणअनुसार सन् १९९६ मा ५७ प्रतिशत रहेको पुड्कोपन घटेर सन् २०२२ मा २५ प्रतिशतमा झरेको छ। यो सर्वेक्षणले स्वास्थ्य क्षेत्रमा धेरै प्रगति भएको देखाए पनि चुनौती अझै बाँकि रहेकोसमेत उल्लेख गरेको छ । नेपालमा छ महिनाभन्दा कम उमेरका शिशुलाई पूर्णरुपमा स्तनपान गराउने प्रवृत्तिमा समयसँगै उतारचढाव भएको देखिन्छ। यस्तो तथ्याङ्क सन् १९९६ मा ७५ प्रतिशत थियो भने सन् २०२२ मा ५६ प्रतिशतमा झरेको छ। विश्व पोषण निर्देशिकाले शिशुलाई बाल मृत्यु तथा अन्य रोगहरुबाट बचाउनको लागि जन्मेको पहिलो छ महिनासम्म पूर्णरुपमा स्तनपान मात्र गराउन सिफारिस गर्दछ।

साथै, नवजात शिशु मृत्यु दर पछिल्लो दशकमा प्रतिएक हजार जीवित जन्ममा २१ जना शिशुको मृत्यु हुने गरेको देखिएको छ । किशोरी अवस्थाको प्रजनन दर उच्च रहेको यो अध्ययनबाट देखिन्छ। जसमा १५ देखि १९ वर्ष उमेर समुहका १४ प्रतिशत किशोरी गर्भवती हुने देखिएको छ। अघिल्लो सर्वेक्षणको तुलनामा यो सर्वेक्षणमा बाल्यकालको नियमित खोप कभरेज घटेको पाइएको छ। हाल ८० प्रतिशत बालबालिकाले सबै आधारभूत एन्टिजेन्स विरुद्ध खोप लगाएका छन्। जुन २०११ को सर्वेक्षणमा ८७ प्रतिशत थियो । यो सर्वेक्षणले कुनै पनि खोप नपाएका बालबालिकाको प्रतिशतमा पनि वृद्धि भएको देखाएको छ । अघिल्लो अर्थात् सन् २०१६ को सर्वेक्षणमा कुनै पनि खोप नपाएका बालबालिको सङ्ख्या एक प्रतिशत थियो भने अहिले चार प्रतिशत पुगेको छ । नेपालमा १५ वर्ष वा सोभन्दा माथिका १८ प्रतिशत महिला र २३ प्रतिशत पुरुषलाई उच्च रक्तचाप भएको देखिन्छ । यो सर्वेक्षणअनुसार प्रति एक लाख व्यक्तिमध्ये १४ जनाको मृत्यु सडक दुर्घटनाका कारणले हुने गर्दछ। जसमध्ये सबैभन्दा बढि मृत्यु वा घाइते भएका ६८ प्रतिशत सडक दुर्घटना मोटरसाइकलको कारणले हुने गर्दछ। यस सर्वेक्षणमा १५ देखि ४९ वर्षसम्मका २२ प्रतिशत महिला र ११ प्रतिशत पुरुषले चिन्ता (एन्जाइटी)का लक्षण अनुभव गरेका पाइएको छ । त्यसैगरी, १५ देखि ४९ वर्ष उमेर समूहका महिलामध्ये २३ प्रतिशतले कुनै न कुनै समयमा शारीरिक हिंसाको अनुभव गरेको सर्वेक्षणमा उल्लेख छ। नेपालमा ७२ प्रतिशत विवाहित महिलाले आफ्नो स्वास्थ्यको हेरचाह सम्बन्धि निर्णय आफैँ वा संयुक्तरुपमा गर्ने गर्दछन्।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बजेटको तयारीमा तनहुँका स्थानीय सरकार

**रासस**
दमौली, ८ असार

तनहुँका स्थानीय सरकार आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट, नीति तथा कार्यक्रमको अन्तिम तयारीमा जुटेका छन् । यही असार १० गतेभित्रै बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने कानुनी प्रावधानका कारण जिल्लाका चार नगरपालिका र छ गाउँपालिका अन्तिम तयारीमा छन् ।

जिल्लाको देवघाट गाउँपालिकाले नीति तथा कार्यक्रम सार्वजनिक गरिसकेको छ भने केही स्थानीय तह सुझाव सङ्कलनमा व्यस्त छन् । अधिकांश स्थानीय तहले भने इमेलमार्फत नै सुझाव माग गरेका थिए ।

शुक्लागण्डकी नगरपालिकाले बजेट, नीति तथा कार्यक्रमलाई जनमैत्री बनाउने उद्देश्यसहित विभिन्न क्षेत्रबाट सुझाव सङ्कलन गरेको छ । नगरप्रमुख कृष्णराज पण्डितले बजेट, नीति तथा कार्यक्रममा नगरवासीको अपनत्व वृद्धि गराउन सबै पक्षबाट सुझाव लिइएको बताउनुभयो । प्राप्त सुझावलाई समेटेर आगामी आवको बजेट, नीति तथा कार्यक्रम निर्माण गर्ने पण्डितले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "स्थानीय सरकार जनताको नजिकको सरकार हो, स्थानीय सरकारमा नगरवासीले आफ्नो अपनत्व खोज्नु स्वाभाविक हो, हामी त्यसमा सचेत छौँ, नगरवासीको रचनात्मक सुझावलाई समेट्छौँ ।" नगरपालिकाले नगर सल्लाहकार, राजनीतिक दल, बौद्धिक व्यक्तित्व, नागरिक समाज, नागरिक सरोकार मञ्च, उद्योग वाणिज्य सङ्घ, लियो, जेसिज, युवा क्लब, टोल विकास संस्था, मजदुर, निर्माण व्यवसायी, सहकारी, बैंक तथा वित्तीय संस्था, महिला, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, दलित, अल्पसङ्ख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, कृषक लगायतसँग छुट्टाछुट्टै छलफल गरेर सुझाव सङ्कलन गरेको छ ।

जिल्लाको पुरानो नगरपालिका व्यास नगरपालिका बजेटको अन्तिम तयारीमा छ । असार १० गते नीति, कार्यक्रम र बजेट एकैसाथ प्रस्तुत गर्ने नगरपालिकाको तयारी छ । नगरप्रमुख वैकुण्ठ न्यौपानेले भूगोल र जनसङ्ख्यालाई आधार मानी सामाजिक आधारभूत आवश्यकता पूर्ति गर्ने गरी योजना बनाइने बताउनुभयो । उहाँका अनुसार वडाबाट आएका योजना छनोटमा सडक, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, वन तथा वातावरण, आर्थिक, संस्थागत सुधार लगायतका योजना प्राथमिकतामा परेका छन् । यस पटक व्यास नगरपालिकाको बजेटको आकार अङ्क गणितीय हिसाबमा अघिल्लो वर्षको तुलनामा सानो हुने न्यौपानेले बताउनुभयो । उहाँका अनुसार सङ्घीय एवं प्रदेश सरकारले दिँदै आएको ससर्त, समानीकरण, समपूरक र विशेष अनुदान यसपटक थोरै आएको हुनाले बजेटको आकार सानो बनाउन लागिएको हो ।

आव २०८०/८१ को बजेट तथा कार्यक्रमका लागि नगरपालिकाले वडागत सिलिङ तयार गरी योजनाको तर्जुमा गरेर विषयगत समितिमार्फत छलफल गरी नगरसभामा पेस गर्ने तयारी गरेको छ । न्यौपानेले भन्नुभयो, "सङ्घ र प्रदेश सरकारले दिँदै आएको अनुदानमा धेरै कटौती भएको छ, त्यसको प्रत्यक्ष असर व्यास नगरपालिकामा पनि पर्नेछ ।" उहाँका अनुसार यस पटकको कार्यक्रम तर्जुमा गर्दा चालु खर्चमा कटौती गरी धेरैभन्दा धेरै बजेट पूँजीगत खर्चमा विनियोजन गर्ने तयारी छ । बजेट निर्माणका लागि नगरपालिकाले १४ वटै वडामा बजेटको मापदण्ड निर्माण गरी पठाएको थियो । अघिल्लो वर्ष हरेक वडालाई रु एक करोड २५ लाख बजेट तोकिएकामा यस पटक भने रु एक करोडको बजेटमात्र मापदण्ड तय गरिएको छ । वडामा चालु खर्च करिब २० प्रतिशत र पूँजीगत खर्च ८० प्रतिशत हुने गरी मापदण्ड बनाइएको छ । त्यसले गर्दा जनताले प्रत्यक्ष नगरपालिकाको बजेट तथा कार्यक्रमको महसुस गर्ने दाबी गरिएको छ ।

नगरपालिकाले अघिल्लो आवमा रु २२ करोड ६० लाख राजस्व सङ्कलन गरेको थियो भने यस चालु वर्षमा करिब रु १७ करोड राजस्व सङ्कलन गरेको छ । नगरपालिकाले आव २०७९/८० का लागि रु एक अर्ब ७७ करोड ८९ लाख १२ हजारको बजेट पास गरेको थियो । देवघाट गाउँपालिकाले नीति तथा कार्यक्रम सार्वजनिक गरिसकेको छ भने असार १० गते बजेट प्रस्तुत गर्नेछ । गाउँपालिकाले पूर्वाधारलाई प्राथमिकतामा राखेर बजेट ल्याउने तयारी गरेको अध्यक्ष तिलबहादुर थापाले जानकारी दिनुभयो । गाउँपालिकाले सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने सङ्कल्पअनुसार पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको छ । दिगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माणसहित स्थानीय स्रोतको पहिचान र परिचालन गरिने थापाले बताउनुभयो ।

सो गाउँपालिकालाई उत्कृष्ट गन्तव्यका रूपमा स्थापित गर्ने, भूमिहीन अव्यवस्थित बसोबासीको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर देवघाट गाउँपालिकाको पहिचान कायम राख्दै योजनाबद्ध सहरीकरण तथा बस्ती विकासलाई प्राथमिकतामा राखेको अध्यक्ष थापाले जानकारी दिनुभयो ।

गाउँपालिकाको चालु आवमा पूर्वाधारतर्फ हालसम्म ६४ किलोमिटर सडक स्तरोन्नति, ११ किलोमिटर नयाँ ट्र्याक निर्माण भएको तथा सबै वडामा सडकको पहुँच पुगेको अध्यक्ष थापाले जानकारी दिनुभयो । साथै प्रदेश सरकारबाट पाँच किलोमिटर सडक कालोपत्र भएको छ ।

गाउँपालिका र सहरी पूर्वाधारबाट गरी तीन सय १० मिटर बाटो ढलान, तीनवटा कल्भर्ट तथा एक हजार तीन सय ५० मिटर पक्की नाला निर्माण भएका छन् । गाउँपालिकामा एक सय २३ आयोजना उपभोक्ता समितिबाट र आठवटा ठेक्काबाट गरी जम्मा एक सय ३१ आयोजना सम्पन्न भएका छन् । स्वास्थ्यतर्फ निःशुल्क आँखा शिविरबाट ६३ र परिवार नियोजन कार्यक्रमबाट तीन सय चार जनाले सेवा पाएका छन् ।

भानु नगरपालिका, भिमाद नगरपालिका, घिरिङ गाउँपालिका,ऋषिङगाउँपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका र म्याग्दे गाउँपालिकाले पनि बजेटको अन्तिम तयारी गरेका छन् ।




ड्रागन 'बोट' रेस महोत्सव उद्घाटन कार्यक्रमका सहभागी :
पोखराको फेवातालमा शुक्रबारदेखि सुरु भएको नेपाल-चीन फ्रेन्डसिप ड्रागन 'बोट' रेस महोत्सव उद्घाटन कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीलगायत सहभागी । तस्बिरः राधिका कँडेल/रासस

# गण्डकी प्रदेशस्तरिय पुरुष ह्यान्डबल पोखरामा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार



गण्डकी प्रदेशस्तरिय पुरुष ह्यान्डबल प्रतियोगिता शुक्रबारबाट पोखरामा सुरु भएको छ ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा कास्की जिल्ला ह्यान्डबल संघको व्यवस्थापनमा उक्त प्रतियोगिता सुरु भएको हो । पोखरा रंगशालास्ति बहुउद्धेश्यिय कभर्डहलमा सुरु भएको प्रतियोगिताको पहिलो दिन सेमीफाइनलमा पुग्ने ४ टिमको टुङ्गो लागेको छ । लिगकम नकआउटका आधारमा सञ्चालन भएको प्रतियोगिताबाट स्याङजा, कास्की, बागलुङ र मुस्ताङ सेमीफाइनलमा प्रवेश गरेका छन् । शुक्रबार भएको पहिलो खेलमा स्याङजाले नवलपुरलाई १९-०७ र मुस्ताङलाई १५-१० गोल अन्तरले पराजित गरेको थियो । त्यस्तै कास्कीले बागलुङलाई २५-१६ ले पराजित गरेको छ भने मुस्ताङले आफ्नो पहिलो जित दर्ता गर्दै अन्तिम चारमा स्थान पक्का गरेको छ । मुस्ताङले नवलपुरलाई ४ का विरुद्ध १४ गोलले पराजित गरेको हो । यसअघि प्रतियोगिताको उद्घाटन गर्दै प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले १० औं राष्ट्रिय प्रतियोगिताको तयारीका लागि यस प्रकारको प्रतियोगिता महत्वपूर्ण हुने बताए । उनले जिल्ला जिल्लामा छरिएर रहेका खेलाडीहरुको पहिचान गरी आगामी दिन १० औं राष्ट्रिय खेलकुदको तयारी गर्ने गरी प्रशिक्षण लगायतका कार्यक्रमहरु समेत सुरुवात गर्ने बताए ।

जिल्ला ह्यान्डबल संघका कार्यवाहक अध्यक्ष चित्र थापाको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रतियोगिताकी संयोजक पुष्पा श्रेष्ठ, सचिव टेक बहादुर गुरुङले समेत आफ्ना भनाई राखेका थिए । कार्यक्रममा नेपाल ह्यान्डबल संघका केन्द्रिय सचिव केशव पाठक, अग्रज ह्यान्डबल खेलाडी तथा केन्द्रिय सदस्य राम गुरुङ, प्रदेश खेलकुद परिषदका सदस्य खगेन्द्र क्षेत्रीलगायतको सहभागिता रहेको थियो ।

सेमीफाइनल र फाइनल खेल शनिबार सञ्चालन हुनेछ । प्रतियोगितामा उपाधि विजेता टोलीले नगद २५ हजार र उपविजेता टिमले नगद १५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । साथै प्रतियोगितामा सर्वाधिक गोलकर्ता, उत्कृष्ट खेलाडी र उत्कृष्ट गोलरक्षकलाई जनही नगद ५ हजारका साथमा ट्रफीका साथमा प्रमाणपत्र वितरण गरिने छ ।

# पोखरामा गण्डकी प्रदेशस्तरीय आरबेटर (रेफ्री) तालिम शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

पोखरामा शुक्रबार देखि राष्ट्रिय आरबेटर तालिम शुरु भएको छ ।

गण्डकी प्रदेश खेलकुद परिषद् र गण्डकी प्रदेश चेस सघंको आयोजनामा तालिम शुरु भएको हो । तालिमको गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य ऋषिराम गौतमले उद्घाटन गरे ।




उनले पोखरामा चेस प्रतियोगिता गर्दा आरबेटर (रेफ्री) अभाव हुने गरेमा अब त्यसको समस्या समाधान हुने बताए । कार्यक्रममा गण्डकी प्रदेश चेस संघका अध्यक्ष युवराज भण्डारीले यस क्षेत्रमा चेस खेलको विकासका लागि तालिम उपयोगि हुने बताए ।

दुई दिनसम्म सञ्चालन हुने तालिममा अन्तराष्ट्रिय आरबेटर उमेश केसीले तालिम दिएका छन् । केसीले दुई दिने तालिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरु सिकाउने बताए । तालिममा गण्डकी प्रदेश प्रदेशका ८ जिल्लाका २० जनाको सहभागीता रहेको छ ।

# मनसुन प्रणाली फैलियो देशभर

**रासस**
काठमाडौं, ८ असार

गत जेठ ३१ गते नेपाल प्रवेश गरेको यस वर्षको मनसुन प्रणाली शुक्रबार देशभर फैलिएको छ ।

नेपालभर मनसुन फैलिन आगमनको दिनदेखि यस वर्ष नौ दिनको समय लागेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । यस वर्ष मनसुन प्रणाली कोशी प्रदेश, मधेस र गण्डकी प्रदेशको पूर्वी भू-भाग र बागमती प्रदेशका अधिकांश भू-भागबाट आगमन भएको थियो । देशभर मनसुन फैलिएको र सक्रिय अवस्थामा रहेको हुनाले आगामी तीन दिन असार ८ गतेदेखि १० गतेसम्ममा देशका धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । साथै मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षाका साथै सोही प्रदेशका एक/दुई स्थानमा धेरै भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । मनसुनको समयमा बाढी, पहिरो, डुबान, भू-क्षय, बाटो हिलाम्य हुने तथा ग्रेग्रान बहावजस्ता प्रभावले सडक तथा हवाई यातायात, कृषि, पर्यटन, स्वास्थ्यलगायत क्षेत्रमा प्रभावित हुनसक्ने देखिन्छ ।

खराब मौसमका कारणले हुनसक्ने जोखिम वा क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउन महाशाखाले आग्रह गरेको छ ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# माग्नुको समाजशास्त्र

मोदनाथ मरहट्टा

माग्नु क्रियापद हो। यसलाई विशेषण गराउँदा माग्ने भनिन्छ। माग्ने कामको अन्त्य नगरी मागिरह्यो भने त्यो मगन्ते भयो। माग्नुको क्षेत्र जति फराकिलो छ माग्नेहरू पनि त्यत्तिकै संख्यामा छन्। झट्ट सम्झँदा माग्नु हीनताबोधक शब्द लागे पनि मागेको वस्तु प्राप्त भएमा सन्तुष्टिको अनुभव हुन्छ। हाम्रो समाजमा माग्नेलाई हेयको दृष्टिले हेरिन्छ तर यो समाजमा माग्दै नमागी जीवन निर्वाह गर्न सक्ने पात्र विरलै होलान्। आउनुहोस् नालिबेलीको खोजी गरौं।

माग्नेहरूको सूची तयार गर्नै लाग्दा पहिलो मगन्ते म आफै हुँ। जीवन निर्वाहमा खञ्ज-खाँचो पर्दा चिनारु- अचिनारु धेरैसँग धेरैपटक पैसा सापटी मागेको छु मैले। मेरो आर्थिक हैसियत कमजोर हुँदा म माग्नेमा दरिएँ, तर म माग्नेलाई सापटी रुपियाँ दिने साहुहरू तारन्तार मकहाँ फिर्ता माग्न आउँछन्। मैले एक पटक मागें, म माग्ने भएँ तर ती जो-जो मेरा साहु भए उनीहरू पटक-पटक मकहाँ माग्न आउँछन्। उनीहरूलाई म माग्ने भन्न त सक्दिन। बलियोले घरिघरि माग्छ ऊ माग्ने वा मगन्ते हुँदैन तर म माग्ने हुन्छु। पैसाका अतिरिक्त म धेरै थोक माग्ने हुँ। तन्नेरी अवस्थामा म धुम्रपानी थिएँ। कुनै बेला मसँग चुरोट हुन्थ्यो तर सलाई-लाइटर प्रायः हुँदैनथ्यो। त्यस्तो बेला मैले धेरैपटक आगो मागेको छु। कुनै बेला एक फाँक सुर्ती पनि मागेको छु।

यहाँ सुर्तीको कुरा गर्दा म पुरानो घटना सम्झन्छु। एकपटक हामी गोरखा कारागारमा थुनिएका थियौं। हामी धेरै साथीहरू धुम्रपानी थियौं। कुनै साथीले एक पुरिया मडुवा सुर्ती किने र चुना मिसाएर माड्न थाले। सुर्ती-प्रेमी साथीहरूको घेरा लाग्यो, साथीले सुर्ती माडेर सक्नासाथ हातहरूको जुलुस तेर्सियो। उनले सबैलाई एक एक फाँक सुर्ती दिए। उनको एक पुरिया सुर्ती चट् भयो। हामी मगुवा एकछिन सन्तुष्ट भयौं।

मान्छे किन माग्ने बन्छ ? यसको उत्तरमा जीवन निर्वाहका लागि वा आत्म सन्तोषका लागि भनिन्छ। मान्छे मात्र त्यस्तो प्राणी हो जो जीवनमा केही न केही कहीं न कहीं मागेकै हुन्छ। मान्छेबाहेक माग्ने प्राणीमा गोठमा बाँधिएका गाईभैंसी बाख्रा आदिले घाँसपानी माग्दछन् तर तिनीहरूलाई खुल्ला गरिदिने हो भने उनीहरूले केही माग्दैनन्। हामी मान्छे स्वतन्त्र छौं तर किन माग्दछौं ?

हिउँदको एक दिन म आफ्नै घरअघि पुस्तक पढ्दै थिएँ, एक जना ८० वर्ष पार गरेकी आमै माग्दै मेरो छिमेकी घरमा पसिन्। त्यो दिन छिमेकीकहाँ पितृकर्मको दिन थियो। छिमेकीले उनलाई श्राद्धको प्रसाद ल्याएर दिए। ती वृद्धाले पैसा चामल मागेको सूचना दिइन्। छिमेकीले उनले भनेजस्तै पैसा, चामल पनि दिए । उनी उठिनन् बरु झोलाबाट प्लाष्टिक बोतल निकालिन् र खाने तेल पनि मागिन् उनले त्यो पनि पाइन्। बल्लबल्ल उठेर मेरो घर आइन् र छिमेकमाझैं चामल पैसा लिइन्। उनले मतिर फर्किएर चुरोटको माग गरिन्, मैले 'म खान्न' भनें। उनले नाति नातिनाका लागि खाजा देऊ न भनिन्। केही दिनअघि राज्यले दिएको वृत्ति लिन ती बृद्धा ने.बै.लि. मा गएको देखेको थिएँ, त्यसैले सोधें– भत्ता खोइ त ? उनले झर्किएर भनिन्– छोराबुहारीले राख्छन्। यो मगाई ती वृद्धाको आवश्यकता कि बाध्यता ? यो दृश्यले मलाई बेस्सरी घोच्यो। माग्नु शब्दसित जोडिएका केही उखान, गीत, मिथक र कथाहरू छन्। 'मागी मागी घिऊ खिचडी' भने झैं यो बूढी आमैले त्यसै गरिन्।

माग्ने एक प्रकारको पेशा पनि हो। गोरखाको गोरख गुफामा कान चिरेका बाबाहरू बस्छन् कतिपय त्यहींको आश्रममा बस्छन् भने कोही गृहस्थामा बस्छन्। उनीहरू घरघर गएर रातको समय फेरी लगाउँछन् र बिहान भएपछि सिदा उठाउँदै आउँछन्। उनीहरू आफू माग्ने नभई परम्परागत पेशा अपनाएको दावी गर्छन्। रमाइलो त के छ भने कनफट्टा बाबाहरूको आ-आफ्नो क्षेत्र छ, कुनै बाबाले क्षेत्र उल्लङ्घन गरेमा उनीहरू बिच झगडा भएको देखे- सुनेको छु। अर्का एक थरी निष्ठाका जोगी छन् जो दश-बाह्र घरमा भिक्षा थाप्छन् र त्यस दिनको खाना खान्छन् यस्ता जोगी लोपोन्मुख अवस्थामा छन्। मागेर लिनु मान हो कि अपमान म घोत्लिन्छु। मेरो गाउँ समाज र देशभित्रका धेरै वासिन्दा माग्ने हुन् भन्ने मेरो ठम्याइ छ। धेरैभन्दा धेरै पुरुषहरूले अर्काकी कन्या मागेर घरजम गरेका छन् यस्तो सम्बन्ध मागी-मागी घिऊ खिचडी होइन र ? हिन्दु धर्मग्रन्थहरूमा राज्य वा धनसम्पत्ति मागेका थुप्रै मिथकहरू सुन्न पाइन्छ। सायद यस्तै मिथकीय प्रभावले होला सबै पुरोहितहरूले यजमानकहाँ पैसा र चामलको मात्रै माग गर्छन्। सायद यसैले बनेको होला 'दानीलाई हानि हुँदैन' भन्ने उखान टुक्का। 'चोरे दण्ड पाइन्छ मागे राज्य पाइन्छ' भन्ने उखान यस्तै पुरोहितले बनाएका पो हुन् कि ?

मैले आफू माग्ने भएको छोटो सवुद माथि नै पेश गरें तर तपाईं पनि कहीं न कहीं माग्ने ठहरिनु हुन्छ। तपाईं केही सामान खरिद गर्न पसलमा पुग्नु हुन्छ र भन्नु हुन्छ– साहुजी फलानो सामान दिनुस् न। अथवा साहुजीले सोध्छ– तपाईंले के माग्नु भएको ? यहाँ तपाईं क्रेता होइन माग्ने बन्नु हुन्छ। केही शालीन मान्छेहरू पनि माग्ने हुन्छन् भन्दा विश्वास गर्न गाह्रो हुन्छ। तपाईं कवि, लेखक वा विचारक हुनुहुन्छ र शालीन सम्पादकले तपाईंसँग लेख, कविता धारणा माग्छ भने हामीले सभ्य र शिष्ट मानेको मान्छे पनि माग्ने पो ठहरिन्छ ! यस्तै कतिपय कवि, साहित्यकारहरू पनि माग्ने हुन्छन् भन्ने सुन्दा तपाईं पत्यार मान्नु हुन्न तर केही साहित्यकारहरूले पुरस्कार वा सम्मान माग्ने गरेका समाचारहरू कतै सुनिएको छ। माग्नेको श्रृङ्खला अनन्त छ।

सबैभन्दा धेरै माग्हेरू राजनैतिक वृतमा छन्। सबै मुलुकमा आवधिक चुनाव हुन्छ। त्यस्तोमा भिड्न सबै पार्टीमा होड चल्छ टिकट माग्नेहरूको घुइँचो हुन्छ। जब टिकट पाउँछ, मत माग्न जनताकहाँ धाउँछ। जसले धेरै चन्दा माग्न सक्यो, जसले धेरै भोट माग्न सक्यो जित उसैको हुन्छ। जसले जितेर जान्छ जागिर माग्नेहरूको भीड उसैकोमा हुन्छ, योजना माग्नेहरूको फायल उसैकोमा हुन्छ अनि पारित भएका योजनाका ठेकेदारहरूसँग कमिसन माग्ने पनि उही जितुवा हुन्छ।

राजनैतिक वृत्तमा मात्र होइन, कर्मचारी वृतमा पनि माग्नेहरू उत्तिकै छन्। उनीहरू पेशा सुरक्षाको सामूहिक माग गर्छन् भने सरुवा बढुवाको निजी मागका अतिरिक्त सेवाग्राहीसित खासखुस माग्ने पनि गर्छन्। 'मागेको धोतीले मेरो लाज छोपिन्न' भन्ने गीत यस्तै ठाउँमा गाउँदा कसो होला ?

राजनीतिक व्यक्ति र, कर्मचारी नबनिसकेका विद्यार्थीहरू पनि माग्ने कर्ममा लाग्छन् तर उनीहरूका माग्ने क्रिया भने अलि फरक छ। विद्यालय, महाविद्यालय वा विश्वविद्यालयले शुल्क बढायो वा अवैज्ञानिक नीतिनियम बनायो भने उनीहरू सडकमै आएर माग्छन्। राज्य वा सम्बन्धित पक्ष सम्वेदनशील हुँदैन। विद्यार्थीहरू मागेको माग्यै गर्छन् राज्यले रोक्न, छेक्न प्रहरी पठाउँछ। रोक्न वा छेक्नमा हारेपछि प्रहरीले लाठीगोली चलाउन आदेश माग्छ । ल हेर्नुस् त माग्नेमाथिको माग्ने श्रृङ्खला !

माग्नुको वैधता, व्यावहारिकता वा सभ्यता समाजको अभिन्न संस्कृति नै बनेको छ। एउटी गृहणीले आफ्नो छिमेकीसँग एक छाक तिहुन माग्नु, तिर्खाएको बटुवाले एक घुट्को पानी माग्नु वा मर्दापर्दा छरछिमेकीसित सर-सहयोग माग्नु व्यावहारिक जीवनका सकारात्मक पक्ष हुन् तर माग्ने जिजीविषा हुर्काउनु आफू सम्पन्न बन्नका लागि माग्नु जीवनका त्याज्य गुण हुन्। तर सास रहेसम्म आस भने जस्तैं माग्ने क्रम रोकिएको भने छैन। हिजोआज सिङ्गो मुलुकभरि माग्नुको पूर्वाभ्यास शुरु हुन थालेको छ। मैले माथि भनेझैं आवधिक 'दाता' छानिने पार्टी कार्यालय रहेका दरवारमा मगन्तेहरूको भीड लागेको छ। यतिबेला खुमलटार, बालुवाटार, कोटेश्वर, बालकोटमा माग्नेहरूको बाक्लो भीड छ। टिकट माग्नेदेखि अनुदान माग्नेसम्म, जागिर माग्नेदेखि ठेक्का माग्न दौडादौड गर्नेसम्मको एउटा रमिता लागेको छ। दरबारको केन्द्र आफू नजिकै कन्तुर राखेर दरबार-भेटी मागिरहेछ। जोसित कन्तुर भरिने नगद नारायणको प्रशस्त छ त्यो विनिमय गरेर टिकट मागिरहेछ। जब कुनै मगन्तेको माग पूरा हुन्छ अनि ऊ हामी जनताकहाँ माग्ने विषय लिएर आउँछ। चोक चौतारोमा उधारो मोल-मोलाइ सुरु हुन्छ। एउटाले मत माग्छ, अर्काले दानापानीसँगै बाटो बिजुली माग्छ। यसरी त्यहाँ दोहोरो मगाइ हुन्छ।

चार वर्षअघि म पनि यस्तै मगुवा भएर चितवनको क्षेत्र नम्बर एकमा डुलेको थिएँ। शहरका चोक-चौतारामा उभिएर मैले पनि भोट मागेको थिएँ। म र मेरो टोलीमा हामी तीन उम्मेदवार मात्र थियौं। शहरका चोक-चोकमा हाम्रो वरिपरि भीड थिएन र हामीले दिन सक्ने विषय पनि केही थिएन। हामी माँस-मदिरा दिनेवाला थिएनौं त्यसैले हामीसित भीड भएन। हामी बस्तीभित्र पस्यौं। फुलौरियाको एउटा घर अघि एउटी युवती हामीतिरै हुर्रिंदै आइन्। शिक्षाशास्त्रमा स्नातकोत्तर उत्तीर्ण ती युवती वेरोजगार थिइन्। उनले मसित माग राखिन् कि– म नेपालको जुनसुकै ठाउँमा पनि जान तयार छु, मा.वि. नपाए प्रा.वि. शिक्षक पनि मञ्जुर छ। उनको यो माग पीडामिश्रित थियो। हामी उधारो आश्वासन दिन पनि सक्दैनथ्यौं। लाचार भएर हामी बाटो लाग्यौं। अर्को गाउँमा एउटा किसानको पीडा धेरै पेचिलो रहेछ। कुनै विचौलियाको फकाइफुल्याइमा उनले बाटो नभएको जग्गामा घडेरी किन्न पुगेछन्, चारैतिर जमिन्दारको जग्गा छ बीचमा दुईकठ्ठा जमिनसँगै उनको घर छ तर साइकल गुड्ने बाटोसम्म छैन। किसानले आफ्ना मर्मको माग राख्दा 'जोगीको घर सन्यासी पाहुना' भने झैं हामी चुपचाप फर्कियौं।

माग्नु पनि एउटा कला हो, एउटा खेती वा उत्पादन हो। अस्तिताका एक जना प्रभावशाली नेताले मोही मागे– ढुङ्ग्रो नलुकाइकन। अर्थात् चीन र भारतसित नगद कै माग गरे। हामी पेट पाल्न माग्दै हिँडेका दीन र असहायलाई हेयको आँखाले हेर्छौं तर ठूला मगन्तेलाई भने सलाम ठोक्छौं। जबसम्म हामी आफ्नै खुट्टामा उभिने आँट गर्दैनौं माग्नुको यात्रा निरन्तर जारी रहन्छ।

# धवलागिरिमा 'एक टोल, एक आरन'

रासस
म्याग्दी, ८ असार

म्याग्दीको धवलागिरिले टोलटोलमा आरन सञ्चालन गर्ने भएको छ। आगामी आर्थिक वर्ष २०८०/८१ मा धातुका सामान निर्माण गर्ने सीप भएका श्रमिकहरूको सीपलाई व्यावसायिकीकरण गर्न 'एक टोल, एक आरन' कार्यक्रम सञ्चालन गर्ने गाउँपालिकाको बिहीबार सार्वजनिक भएको नीति तथा कार्यक्रममा उल्लेख छ।

"परम्परागत आरन व्यवसायलाई परिष्कृत गर्न अनुदान दिन्छौं," बिहीबारदेखि मुनामा सुरु भएको बिसौं गाउँसभामा गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले 'घरेलु र कृषि औजारमा गाउँपालिकालाई आत्मनिर्भर बनाउनाका साथै रोजगारी सिर्जना हुने अपेक्षा गरेका छौं ।" विदेशबाट फर्केका बेरोजगार युवाहरूको उद्यम विकास, आयआर्जन र व्यवसायमा जोड्न 'गाउँमै बसौं, यही उद्यम गरौं' भन्ने कार्यक्रम सञ्चालन गर्ने, अल्लो र कागज उद्योग सञ्चालन गर्न अनुदान दिने भएको छ । दर्ता नभई सञ्चालनमा रहेका औषधि पसललाई नियमन गर्ने, दीर्घरोगीसँग अध्यक्ष र सुनौला हजार दिनका आमासँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिने, लुलाङ र दरमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरिने भएको छ । 'एक वडा, एक पकेट क्षेत्र' कार्यक्रमलाई निरन्तरता दिने, गाउँपालिका स्तरीय कृषि महोत्सव सञ्चालन गर्ने, घुम्ती गोठलाई सोलार टुकीको व्यवस्था मिलाउने, प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न 'टनेल हाम्रो उत्पादन तपाइँका', जडीबुटी नर्सरी स्थापना र खेतीलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरी जडीबुटीको बिक्री वितरणलाई करको दायरामा ल्याउने नीति लिएको छ । विद्यार्थीहरूको पठनपाठनप्रति आकर्षण र सिकाइ उपलब्धि बढाउन शैक्षिक सामग्रीको निर्माण, प्रदर्शनीमार्फत पठनपाठन गराउने, स्थानीय पाठ्यपुस्तक लागू गर्ने, बालमैत्री गाउँपालिका बनाउने, शिवाङको आवासीय माविलाई निरन्तरता दिने, मावि तह सञ्चालन भएका विद्यालयमा परीक्षणका लागि स्मार्ट स्कुलको अभ्यास गरिने, ताकमको अन्नपूर्ण पुस्तकालयलाई पालिकाको अध्ययन केन्द्रका रूपमा विकास गर्ने भएको छ। पालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन, राष्ट्रिय र अन्तरराष्ट्रिय पदक विजेता खेलाडीलाई प्रोत्साहन, 'एक वडा एक महिला उद्यम समूह कार्यक्रम'लाई निरन्तरता, बालविवाह न्यूनीकरण र विभेद तथा हिंसारहित समाज निर्माणमा जोड दिने भएको छ । वातावरण प्रदूषण न्यूनीकरण गर्न 'प्लास्टिक बाल्न पनि हुन्न र फाल्न पनि हुन्न' भन्ने अभियान चलाउने तथा सिसाजन्य फोहरको समस्या न्यूनीकरणको नीति लिएको छ । वडा स्तरमै पुगेर योजना सम्झौता लगायतका सेवा दिने र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने, विद्युतीय माध्यमबाट भुक्तानी गर्ने र राजस्व सङ्कलनमा सफ्टवयरको प्रयोग गर्ने भएको छ । गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले आगामी वर्षको बजेटमा उपलब्धि देखिने योजना र प्रभावकारी हुने कार्यक्रमका लागि प्राथमिकता दिएको बताउनुभयो । "विषयगत समितिमार्फत योजना निर्माण र बजेट विनियोजन गरेर परम्परागत शैली तोड्ने प्रयास गरेका छौं", उहाँले भन्नुभयो, "पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक विकास र रोजगारी सिर्जना तथा आयआर्जन सुधारका कार्यक्रमलाई जोड दिएका छौं ।" सङ्घीय र प्रदेश सरकारको लागत साझेदारीमा वडा नं १ गुर्जालाई यातायात सञ्जालसँग जोड्ने, जलजला हुँदै ढोरपाटन, खाम्ला-खिवाङ, मल्कवाङ हुँदै रघुगङ्गाको चौरखानीलाई सडक सञ्जालले जोड्ने नीति लिएको छ।

बेनी-दरवाङ-थापाचौर-धारापानी-ताकम-मुना-लुलाङ-गुर्जा-डोल्पा जोड्ने अन्तरप्रदेश स्तरीय काठमाडौंदेखि डोल्पा जोड्ने छोटो दूरीको द्रुत हिमालय राजमार्गको परिकल्पना गरिएको छ । बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेश जोड्ने यो सडक काठमाडौंदेखि तीन सय किलोमिटरको दूरीमा डोल्पा जोडिने छोटो दूरीको हुने, आर्थिक, सामाजिक, पर्यटकीय हिसाबले महत्वपूर्ण हुने गुर्जाका वडाअध्यक्ष झक छन्त्यालले बताउनुभयो।

# चौतारी, पोखरी र वर, पीपल संरक्षण गर्दैं जैमिनीले

पोखरापत्र संवाददाता
बलेवा, ८ असार

बागलुङ जिल्लाको जैमिनी नगरपालिकाले पौराणिक पोखरी र वर, पीपल संरक्षण अभियान थाल्ने भएको छ । पानीका मुहान तथा वातावरणका लागि चौतारी, पोखरी र वर, पीपलको महत्वपूर्ण भूमिका हुने जनाउँदै नगरले अभियान थाल्ने भएको हो।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख नरबहादुर पुनले नगर क्षेत्रभित्र रहेका पौराणिक पोखरी संरक्षण, वर, पीपल चौतारी संरक्षण, वर, पीपल रोप्ने कार्यलाई प्रश्रय दिने र विश्रामस्थल निर्माण गर्न अभिप्रेरित गर्ने नीति अवलम्बन गरिने बताउनुभयो।

"सबै वडा, टोल र बस्ती सफा र सुन्दर बनाउने अभियानमा जुट्न नगरवासीलाई प्रोत्साहन गरिनेछ। यस कार्यलाई प्रतिस्पर्धी बनाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ। वन क्षेत्रबाट हुने अवैध चोरी निकासीलाई बन्देज गरिनेछ", नीति तथा कार्यक्रममा भनिएको छ। सडक निर्माण, भवन निर्माणलगायतका सार्वजनिक संरचना निर्माण गर्दा पौराणिक चौतारी, पोखरी र वर, पीपलका रुख अतिक्रमण हुने गरेका थिए । भएकालाई जोगाउने र नभएको ठाउँमा बनाउनका लागि प्रोत्साहन गर्ने नीति जैमिनीले बनाएको हो । नगरले ऐतिहासिक स्थल र प्राचीन सम्पदाको संरक्षण र सम्वर्द्धन थाल्ने भएको छ । धार्मिक तथा ऐतिहासिक महत्वका देवालय, ऐतिहासिक स्थल र प्राचीन सम्पदाको मर्मतसम्हार गरेर संरक्षण र सम्बर्धनमा विशेष ध्यान दिइने नीति तथा कार्यक्रममा उल्लेख छ । "प्रसिद्ध जैमिनी धाम, थन्थापीमाई मन्दिर, गाजाको दह क्षेत्र, हाडिकोट क्षेत्र, पुरानो गाउँ क्षेत्र, हात्तिढुङ्गा, पुतली गरा छिस्ती, कमल जैसी मन्दिर, शिवपुरी, राधाकृष्ण मन्दिर, शालिग्राम संरक्षित क्षेत्र गाईथुने, देवी मन्दिर चोखेक, सती मन्दिर जैदी, रिठे डाँडा, कोट, मर्नास टाँपु, नागढुङ्गा र जनै मन्तर्नी पोखरीजस्ता आस्थाका प्रसिद्ध धरोहर एवं कालापातल राङखानीलगायतका खानी निर्मित सुरुङ जस्ता ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण र सम्वर्द्धनमा विशेष ध्यान दिइनेछ", नीति तथा कार्यक्रममा उल्लेख छ।

ऐतिहासिक धरोधरको संरक्षण र प्रचारप्रसारले नगरको पर्यटन क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने नगर उपप्रमुख हरिहर शर्माले बताउनुभयो । जैमिनी नगरपालिकाभित्ररहेकाऐतिहासिक, सामाजिक, सांस्कृतिक महत्व झल्कने 'जैमिनी सांस्कृतिक गान'को निर्माण गरी प्रचारप्रसार गरिने नगरपालिकाले जनाएको छ । नगरक्षेत्रमा स्थापित एवं प्रदेशस्तरमा समेत पहिचान बनाउन सफल भजन समूह एवं रत्यौली, लोकदोहोरी, सालैजो, सोरठी, मारुनी र घाटु तथा जैमिनी मेला, माघेसङ्क्रान्ती मेला, गाजादह मेला, वैठकुण्ठ चर्तुदर्शी मेला, ठूली एकादशी मेला, हाडिकोट मेला र पुरानो गाउँ मेलालगायतका धार्मिक, सामाजिक तथा सांस्कृतिक मेला पर्व तथा महोत्सवलाई थप व्यवस्थित एवं प्रोत्साहन गर्ने नीति अङ्गीकार गर्ने नीतिमा उल्लेख छ।


## बस विक्रीको लागि बोलपत्र आव्हान सम्बन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०२/२५ गते
दोश्रो पटक सूचना प्रकाशित मिति: २०८०/०३/०९ गते

यस संस्थाको नाममा रहेको तपसिलमा उल्लेखित विवरण चालु अवस्थाको २६ सिटे बस विक्रि गर्नुपर्ने भएकोले उक्त बस खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा संघसंस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थाको कार्यलयमा उपस्थित भई नियम अनुसारका कागजात सहित सिलबन्दी निवेदन दिनुहुन अनुरोध गरिन्छ ।

बसको विवरण यस प्रकार रहेको छ :

| | | | |
|---|---|---|---|
| 01 | Registration Number | GA 1 KA 2324 | |
| 02 | Manufracture | 2013 | |
| 03 | No. of cylinder | 4 | |
| 04 | Loading capacity | 26 Seat | |
| 05 | Horse Power | 3783 CC | |
| 06 | Permitted Area | As per the rule & regulations | |

सर्तहरु
१. बसको न्युनतम मुल्य ५,००,०००/- (अक्षरुपि पाँच लाख मात्र) तोकिएकोले सो भन्दा बढि बोलकबोल गरी निवेदन दिनु पर्ने छ । साथै सबै भन्दा बढि मुल्य कबोल गरिएको निवेदनलाई स्विकृत गरिने छ ।
२. खरिद बोलपत्र निवेदनहरु ३ भन्दा कम प्राप्त भएमा यो सूचना रद्द गरी पुन: अर्को सूचना प्रकाशित गरिने छ ।
३. प्राप्त निवेदनहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो २:०० बजे यस संस्थाको शाखा कार्यालय पोखरा २२ पुम्दीभुम्दीमा खोलिने छ। तर उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलि पल्ट खोलिने छ ।

विस्तृत जानकारीको लागि सम्पर्क:
नेपाली गाउँका साथीहरु
शाखा कार्यालय, पोखरा-२२, पुम्दीभुम्दी, कास्की
फोन : ९८४६४५०४५०



## विमालेख हरोयो

यहि मिति २०८०/०२/०५ गते न्युरोडबाट महेन्द्रपुल जाँदै गर्दा रिलायन्स लाईफ इन्स्योरेन्स कं.लि. को निम्न विवरण भएको विमालेख हराएको हुदाँ फेला पार्नुहने महानुभावले नजिकको प्रहरी कायालय वा तलको ठेगानामा खबर गरिदनुहुन अनुरोध गर्दछु ।
नाम: ठक माया राना
विमालेख नं. ४०१०००००११९
सम्पर्क नं. ९८५६०२७३३६

## विमालेख हरोयो

यहि मिति २०८०/०२/०५ गते न्युरोडबाट महेन्द्रपुल जाँदै गर्दा लाइफ इन्स्योरेन्स क्र्पोरेसन (नेपाल) लि. को निम्न विवरण भएको विमालेख हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कायालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम: ईसिका कालु
विमालेख नं. १३०००९२८९
सम्पर्क नं. ९८२५१३४३५९



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

